# National News
5/5/2024

## मुख्य समाचार

- प्रधानमन्त्री चुनाव प्रचारका लागि आज साँझ ओडिशाको राजधानी भुवनेश्वर  पुग्नु हुने
- गृह मन्त्रीले भन्नुभयो, पीएम-गरीब कल्याण योजना अन्तर्गत  निशुल्क राशिन र आयुष्मान भारत योजना अन्तर्गत स्वास्थ्य बीमा कवरेज प्राप्त भएको छ
- केरल अनि तमिलनाडुका तटवर्ती स्थानहरूका निम्ति ओरेञ्ज अलर्ट जारी
- चिकित्सा स्नातक पाठ्यक्रममा भर्नाका लागि राष्ट्रीय नीट परिक्षा आयोजित
- भारतीय वायु सेनाद्वारा कर्पोरल विक्की पहाडको परिवारप्रति समवेदना व्यक्त

## प्रधानमन्त्री-ओडिशा दौरा

प्रधानमन्त्री श्री नरेन्द्र मोदी चुनाव प्रचारका लागि आज साँझ ओडिशाको राजधानी भुवनेश्वर पुग्नु हुनेछ । उहाँ आज राती राजभवनमा विश्राम  गर्नुहुनेछ र भोली बेहरामपुर र नवरङ्गपुर संसदीय निर्वाचन-क्षेत्रमा रेलीलाई सम्बोधन  गर्नुहुनेछ। भाजपासूत्र अनुसार, प्रधानमन्त्रीले दस मई-मा  फेरी भुवनेश्वर आएर एघार मई-मा  बोलाङ्गीरमा जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ। ओडिशामा यस महिनाको तेह्र  तारिकदेखी चार चरणमा लोकसभा र विधानसभा- दुवैका लागि मतदान हुनेछ।

## अमित शाह

गृह मन्त्रीले भन्नुभएको छ, प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वका कारण अस्सी करोड़ मानिसलाई पीएम-गरीब कल्याण योजना अन्तर्गत  निशुल्क राशन प्राप्त भयो अनि पचास करोड़ जनतालाई आयुष्मान भारत योजना अन्तर्गत पाँच लाख रुपियाँको स्वास्थ्य बीमा कवरेज पनि प्राप्त भएको छ।

श्री शाहले आज आन्ध्रप्रदेशको हिन्दूपुर लोकसभा क्षेत्रको धर्मावरममा, चुनाव सभामा भन्नुभयो, देशमा एक सय तीस  करोड़  मानिसलाई निशुल्क कोविड-19 खोप लगाइएको छ । उहाँले भन्नुभयो, आन्ध्रप्रदेशका वर्तमान मुख्यमन्त्री  श्री वाईएस जगन मोहन रेड्डीले विकासको उपेक्षा गर्नु भयो र राज्यमा निवेश आकर्षित गर्नमा विफल रहनु भयो ।  श्री शाहले राज्यको समग्र विकासका लागि श्री चन्द्रबाबू नायडू जस्ता अनुभवी नेतालाई चयन गर्ने अपील  पनि गर्नुभएको छ। उहाँले आश्वासन दिनु भयो की केन्द्रको एन.डी.ए सरकारले पोलावरम र  हान्ड्री नीवा परियोजना पूरा गर्नका लागि हरसम्भव सहायता दिनेछ, जसका कारण किसानहरू समृद्ध  बन्नेछन्।

निर्वाचन आयोग-प्रतिनिधिमंडल.

मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमारले आज नयाँ दिल्लीमा पचतरजना अन्तरराष्ट्रीय प्रतिनिध◌ीहरूलाई लोकसभा चुनावका विभिन्न पक्षबारे बताउनुभयो। उहाँले तेइसबटा देशका चुनाव प्रबन्धन निकायका प्रतिनिध◌ीहरूलाई सम्बोधन पनि गर्नुभयो। यी प्रतिनिध◌ीहरूलाई निर्वाचन आयोगले लोकतन्त्रको महापर्वको अवलोकनका लागि आमन्त्रित गरेको हो। यी प्रतिनिध◌ीहरूले छवटा राज्यहरू महाराष्ट्र, गोवा, गुजरात, कर्नाटक, मध्यप्रदेश र उत्तरप्रदेशका केही लोकसभा सीटको भ्रमण गर्नेछन्। यो यात्रा कार्यक्रम यस महीन◌ाको नौ तारीख समाप्त हुनेछ।

एफएसएसएआई-कीटनाशक

केन्द्र सरकारले स्पष्ट गरेको छ की , खाद्य पदार्थका लागि प्रयुक्त कीटनाशकको मात्रा सन्बन्ध◌ी भारतको मानदण्ड वैश्विक स्तरको छ र अलग-अलग खाद्य पदार्थका लागि अलग-अलग मात्रामा कीटनाशकको उपयोग गरिन्छ। कृषि मन्त्रालयले यस सम्बन्धमा एउटा बयान जारी गर्दै मीडियाको समाचारलाई तथ्यहीन र दुर्भाग्यपूर्ण बताएको छ।

मीडियाको समाचारमा दाव◌ी गरिएको छ की- भारतीय खाद्य सुरक्षा र मानक प्राधिकरणले जड़ी-बूटि र मसाल◌ामा दस गुना सम्म कीटनाशकको उपयोगको अनुमत◌ी दिन्छ। कृषि मन्त्रालयको केन्द्रीय कीटनाशक बोर्ड र पन्जीकरण समितिले कीटनाशकलाई विनियमन गर्दछ। मसाल◌ामा उपयोगका लागि एक सय उन्चालीस कीटनाशक पंजीकृत छन्। कृषि मन्त्रालयले भनेको छ, कीटनाशकको अनुपातलाई वैज्ञानिक विश्लेषणको आधारमा लगातार सन्शोधित गरिन्छ।

केरल-तटीय चेतावनी

केरल अनि तमिलनाडुको तटवर्ती क्षेत्रमा अधिक छाललाई ध्यानमा राख्दै केरलमा आज रात◌ी साढे एघार बज◌ी सम्मका लागि ओरेन्ज अलर्ट जारी गरीएको छ । छालका कारण केरलाको तिरुवनन्तपुरम र त्रिशूरको तटमा समुद्री क्षरण भएको समाचार आएको छ, जसका कारण ती क्षेत्रका मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ। तटीय स्थानमा चेतावनी दिइएको छ र मानिसलाई यी स्थानहरूमा नजाने सलाह दीइएको छ । मछुवालाई पनि स्थित◌ीमा सुधार नभए सम्म केरलको समुद्रमा नजान◌ु भनिएको छ।

भारत और अस्ट्रेलिया

भारत र अस्ट्रेलियाले व्यापक आर्थिक सहयोग समझौता वार्तालाई सफल बनाउन्नका लागि नवीन क्षेत्रमा मिलेर काम गरिरहेछन्। वाणिज्य र उद्योग मन्त्रालयले बताएको छ, अस्ट्रेलिया ओशिनिया क्षेत्रमा भारतको एक महत्वपूर्ण व्यापारिक भागीदार छ, अनि दुवै देशका बीच व्यापारिक व्यापार दुई हजार तेइस – चौबीसमा लगभग चौबीस अरब डलर सम्म पुग्नेछ। यसमा भनिएको छ की , वाणिज्य सचिव श्री सुनील बर्थवालको नेतृत्वमा भारतीय प्रतिनिधीमण्डलले कैनबरामा विदेश मामिला र व्यापार विभागका उप सचिव जर्ज मीनाको नेतृत्वमा रहेको अस्ट्रेलियाई प्रतिनिधीमण्डलका साथ विभिन्न व्यापार र सम्भावित निवेश सम्बन्धी मुद्दामा रचनात्मक र उत्पादकबारे चर्चा गरिएको छ।

नीट-परीक्षा

चिकित्सा स्नातक पाठ्यक्रममा भर्नाका लागि राष्ट्रीय पात्रता एवं प्रवेश (नीट) परीक्षा आज देशभरीमा आयोजित गरियो। यस वर्ष देशभरीका पाँच सय सन्ताउनबटा शहर र विदेशका चौधबटा शहरमा चौबीस लाख भन्दा अधिक विद्यार्थी यस परीक्षामा समावेश भए। राष्ट्रीय परीक्षा एजेन्सी-एन.टी.ए –ले परीक्षार्थीलाई एडमिट कार्ड डाउनलोड गर्ने निर्देशन दिएको छ। यदी कुनै परीक्षार्थीको एडमिट कार्डमा फोटोग्राफ, हस्ताक्षर र रोल नम्बरमा बारकोड छैन भने , उनीहरूलाई फेरी एडमिट कार्ड डाउनलोड गर्ने सलाह दीइएको छ।

असम-चुनाव

असममा तेस्रो चरणको मतदानका लागि सबै राजनीतिक दलका मतदाताहरूले आफ्नो पक्षमा गर्न सक्ने हरसम्भव प्रयास गरिरहेका छन्। यस चरणमा चारबटा लोकसभा सीटमा कुल सैतालीस जना उम्मेदवार मैदानमा छन् । मुख्यमन्त्री अनि भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री हिमन्त बिस्व सरमा, प्रदेश कांग्रेस अध्यक्ष श्री भूपेन कुमार बोरा, असम गण परिषदका अध्यक्ष श्री अतुल बोरा अनि ए.आई.यू.डी.एफ अध्यक्ष श्री बदरुददीन अजमल सहित केही नेताले आज चुनावी सभा गरे।

छत्तीसगढ़-पुलिस गिरफ्तारी

छत्तीसगढ़ पुलिसले आई.पी.एल क्रिकेट म्याचमा सट्टेबाजीमा शामेल भएको आरोपमा पुणेबाट छब्बीसजना मानिसलाई पर्काउ गरेको छ। पर्काउ गरिएका मानिसहरू छत्तीसगढ़, मध्य प्रदेश र उत्तर प्रदेशका रहेका छन् । उनीहरूले सट्टेबाजीका लागि महादेव ऐप र अन्ना रेड्डी ऐपको प्रयोग गर्दै थिए । पुलिसले आरोपीहरूबाट एघारबटा ल्यापटप, अन्ठानब्बेबटा

मोबाइल फोन, तीसबटा पासबुक, नौबटा  चेक-बुक, एकासीबटा  एटीएम कार्ड र पचासबटा सिम कार्ड फेला पारेको छ, जसको अनुमानित मूल्य पच्चीस लाख रुपियाँ छ। यी  फेला पारिएका ल्यापटप र मोबाइल फोनबाट तीस करोड़ रुपियाँ भन्दा धेरै लेनदेन भएको थाहाँ लागेको छ।

वायु सेना-पुंछ

भारतीय वायु सेनाले जम्मु-कश्मीरको पुन्छ सेक्टरमा आतङ्कवादीबाट गोली लागेर मारिएका कर्पोरल विक्की पहाडको परिवारप्रति समवेदना व्यक्त गरेको छ । भारतीय वायुसेनाले सामाजिक सञ्जालमा एउटा पोस्ट गर्दै भारतीय वायु सेनाप्रमुख मार्शल भीआर रहमानको निधन भएको जानकारी दिएको छ । चौधरीसहित भारतीय वायुसेनाका सबै कर्मचारीले श्री पाहावेले राष्ट्रका लागि गरेको सर्वोच्च बलिदानका लागि सलाम गरेका छन् ।